नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फागुन/चैत्र २०७३ (March 2017) वर्ष २१/अङ्क २४०

## मिशनको क्षेत्रमा बढ्दै नेइम

– लेखनाथ पौडेल

स्थापना कालदेखिनै प्रभु येशूले दिनुभएको महान् जिम्मेवारीपूर्ण अभिभारा “सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर” (मर्कूस १६:१५) नेइमले गम्भीर रूपमा लिएर कार्य गर्दै आइरहेको छ । सुरुका वर्षहरूमा नेपालमा प्रचार गर्ने र मानिसहरूलाई येशू चिनाउने कार्य त्यति सहज थिएन तर पाष्टर गुरुबा तथा उहाँका सहकर्मीहरूले चुनौतिहरूको सामना गर्दै यो महान् अभिभारा बहन गर्दै जानुभयो । फलस्वरूप काठमाडौं लगायत नेपालभरि थुप्रै मण्डलीहरू स्थापना भए अनि हजारौंले सुसमाचार सुने । सुसमाचार प्रचारका लागि नेपालका विभिन्न विकट स्थानहरूमा समेत उहाँहरूले यात्रा गर्नुभयो । त्यसको परिणाम नै हो आज देशका विभिन्न सुगम र विकट ठाउँमा मण्डलीहरू स्थापना भएका छन् र मानिसहरूले ख्रीष्ट येशूमा उद्धार पाइरहेका छन् ।

सुरुका तीन दशकसम्म सुसमाचार प्रचार तथा मण्डली स्थापनाको काममा विभिन्न चुनौतिहरूको सामना गर्नुपरेको थियो तापनि नेपाली इसाई मण्डलीले आफ्नो जिम्मेवारी पूरा गरिनै रहचो । ९० को दशकमा नेपालमा राजनीतिक व्यवस्था परिवर्तन भएपछि देशमा मिशनको काम गर्न केही सहजता आयो । सो अवसरलाई सदुपयोग गर्दै नेइमका विश्वासीहरू पूर्वदेखि पश्चिमसम्म फैलिएर गए र ठाउँ ठाउँमा सुसमाचार प्रचार तथा मण्डली स्थापनाको काम भयो । सन् २००० को पहिलो दशकमा गुरुबाले ‘मण्डली अब कुवा होइन कुलो बन्नुपर्छ, पालको डोरी तन्काउनुपर्छ’ भन्नुभएको कुरालाई यथार्थमा परिणत गर्दै भारत लगायत अन्य देशहरूमा पनि मिशनेरीहरू पठाउने कार्य भयो । सन् २०१० मा एकदशकपछि फेरि मिशन वर्षको घोषणा भयो र सुसमाचार प्रचारको काम अझ तीब्र भएर गयो । त्यसपछिका वर्षहरूमा स्थानीय शाखा-आबद्ध मण्डलीलाई परिचालन गरी विभिन्न ठाउँमा मण्डली स्थापना गर्ने, मिशनेरी पठाउने कार्य भइरहचो । त्यतिमात्रै नभइकन नेइमका काठमाडौंमा रहेका मूल मण्डलीहरूबाट समेत उपत्यकाबाहिर मण्डली स्थापनाको कार्य जारी भइरहेको छ । फलस्वरूप नेइमका नेपालभरिका ७ प्रदेशका ३२ वटा जिल्लाहरूमा १४० वटा भन्दा बढी शाखा-आबद्ध मण्डली तथा संगतिहरू हाल संचालनमा छन् अनि ती मण्डलीहरूले पनि अरू मण्डलीहरू स्थापना गर्ने अभियानमा लागेका छन् ।

नेइमको मिशन सम्बन्धी कार्यभार हेर्ने नेइम मिशन विभाग, हाल रहेका शाखा-आबद्ध मण्डलीहरूलाई बलियो बनाउँदै तिनीहरूलाई आधार इलाका बनाएर सुसमाचार प्रचार तथा मण्डली स्थापनाको काम गर्ने कार्यनीति लिएको छ । जसअनुरूप गहन तालिम कार्यक्रमहरू केन्द्रिय स्तर, क्षेत्रीय स्तर तथा स्थानीय स्तरमा गरिरहेको छ । यस्ता तालिम कार्यक्रमहरूले मण्डलीहरूमा रहेको अगुवापनको अभावलाई पूर्ति गर्ने, नयाँ मण्डलीहरू स्थापना गर्न अगुवाहरू तयार गर्ने र स्वस्थ मण्डली बनाउने गर्छ । धेरैले भन्ने गरेझैँ ‘नेइमको (ज्ञानेश्वरको) शिक्षा राम्रो छ’, नेइमको मूल जग नै यसको बाइबल आधारित शिक्षा हो र त्यो सबै ठाउँमा पुऱ्याउनु नै मिशनको लक्ष्य हो । जहाँ शिक्षा बलियो हुन्छ, त्यहाँ भाँडभैलो तथा शिथिलता भन्ने हुँदैन । मण्डली बलियो हुनको लागि शिक्षा (बाइलमा आधारित शिक्षा) अत्यन्तै आवश्यक कुरा हो । शिक्षाको अलावा नियमित संगति, सम्मेलन, भैपरि आउँदा गरिने सहायता, र कतिपय अगुवाहरूलाई गरिने सहायताले समेत शाखा-आबद्ध मण्डलीहरूलाई प्रोत्साहित गरिरहेको छ । गत वर्ष गएको विनाशकारी भूकम्पले १५ वटा जिल्लामा रहेका करीब ५० वटा मण्डलीहरू तथा त्यहाँका विश्वासीहरूलाई गम्भीर असर पाऱ्यो उक्त समयमा पनि नेइमले भातृप्रेम प्रदर्शन गर्दै त्यहाँका विश्वासीहरू मात्रै होइन छरछिमेकसमेतमा सहायता पुऱ्यायो । छिटपुट बाहेक नेइमका सबै भूकम्पपीडित विश्वासीले केही न केही राहत पाए । भूकम्मले गम्भीर रूपमा क्षति पुऱ्याएका मण्डली भवनहरूको पुनर्निर्माणको काम समेत लगभग समापन भइसकेको छ । मण्डली भवन पुनर्निर्माणको क्षेत्रमा सबैभन्दा तीब्ररूपमा काम सम्पन्न भएको छ । भत्केको भवनमा संगति गर्ने अवस्थाबाट शाखा-आबद्ध मण्डलीहरूलाई उन्मुक्ति मिलेको छ । यसको लागि विभिन्न मण्डलीहरू तथा विश्वाससँग मेलखाने संघसंस्था र मित्रहरूको योगदान अभूतपूर्व रहेको छ । बेलाबेलामा शाखा-आबद्ध मण्डलीहरूमा आइपर्ने समस्याहरूलाई पनि यथासक्य समाधान गर्ने प्रयास भइरहेको छ । नेइमका देशभित्र र बाहिर रहेका मिशनेरीहरूलाई समय-समय उहाँहरूकै कार्यस्थलमा गई हौसला तथा संगति दिने कार्य भइरहेको छ ।

हाल उत्तर तर्फ तिब्बतमा रहेकाहरूलाई सुसमाचार प्रचार गर्ने र त्यहाँ मण्डली स्थापना गर्ने लक्ष्यका साथ डोल्पाको स्थानीय मण्डलीको सहकार्यमा उपल्लो डोल्पामा विगत तीन वर्षदेखि श्री नरसिंह थापा मिशनेरीको रूपमा कार्यरत हुनुहुन्छ । यूरोपमा छरिएर रहेका स-साना नेपालीभाषी संगति तथा मण्डलीहरूलाई सहायता पुऱ्याउनको लागि तालिम तथा प्रोत्साहन र संगति दिन विगत १० वर्षभन्दा बढी समयदेखि पाष्टर अब्राहाम श्रेष्ठ परिवार मिशनरीको रूपमा आयरल्याण्डमा हुनुहुन्छ । बेचिएका नेपाली चेलीहरू तथा तिनीहरूकालाई यौन व्यवसायको भयानक दलदलदेखि उद्धार गर्ने हेतुले सुसमाचार प्रचार, उद्धार तथा पुनर्स्थापना गराउने कार्यमा विगत १७ वर्षदेखि श्री जेम्स नेपाली परिवार मुम्बइमा मिशनरीको रूपमा कार्यरतहुनुहुन्छ । उहाँहरूको सेवकाइमार्फत् मुम्बइका देह व्यापार-गृहका हजारौं चेलीहरू तथा मानिसहरूले प्रभु येशूको बारेमा सुन्न पाए भने कैयौं प्रभुमा आए र सयौं भन्दा बढी चेलीबेटी तथा बाल बालिकाहरूको उद्धार भइ पुनर्स्थापना भएको छ । तीमध्ये धेरैजना अहिले विभिन्न देशमा सेवकाइमा सक्रिय छन् । त्यस्तै सेवकाइमा सहायता पुऱ्याउन र थुप्रै नेपालीहरू होटेल तथा रेस्टुरेन्ट मजदुरको रूपमा काम गरिरहेकाहरूको माझमा सुसमाचार प्रचार तथा मण्डली स्थापना गर्न विगत एक दशक देखि पाष्टर प्रदीप बज्राचार्य परिवार भारतको पुनेमा कार्यरत हुनुहुन्छ । उहाँहरूले हाल रेडलाइट एरियाको

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **फागुन २८** March 11 | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | एल्डर<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>छयोगेन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>घन श्याम दाहाल | पाष्टर<br>रोल्याण्ड रोंगोंग |
| **चैत्र ५** March 18 | एल्डर<br>सामुएल क्षेत्री | एल्डर<br>पूर्ण सुनुवार | डीकनेस्<br>रमा राई | एल्डर<br>गोपाल शर्मा | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>रूद्र राई | श्री<br>प्रकाश राई |
| **चैत्र १२** March 25 | एल्डर<br>दिनेश न्यौपाने | डीकनेस्<br>रश्मिला तामाङ्ग | एल्डर<br>सुरेश पुरकोटी | पाष्टर<br>रोबर्ट कार्थक | श्रीमती<br>गंगा श्रेष्ठ | श्री<br>स्टिफन राई | एल्डर<br>सीता गुरूङ्ग |
| **चैत्र १९** April 1 | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

भित्र त्यहाँका बालबालिकाहरूको निम्ति डे केयर सेन्टर संचालन गरिरहनुभएको छ । उहाँहरूले हेरिरहनुभएको पुनाको नेपाली संगतिबाट सयौंले पानीको बप्तिस्मा लिइसक्नुभएको छ भने कतिजना विभिन्न स्थानमा सेवकाइमा सक्रिय हुनुहुन्छ । हाल त्यहाँ ३०० भन्दा बढी सदस्यहरू संगति गरिरहनुभएको छ । भारतको धर्मको गढ मानिने गढवालको कोटद्वारमा विगत डेढ दशकदेखि पास्टर नरेन्द्र सिंह परिवार कार्यरत हुनुहन्छ । त्यहाँ मण्डली स्थापना भएको छ र त्यहाँबाट फैलिएर अर्को पहाडी भेगमा समेत नयाँ मण्डली स्थापना भएको छ । पूर्वोत्तर भारतका विभिन्न प्रान्तहरू, विहार तथा विशेष् गरी नेपालीभाषीहरू रहेका आसामका मानिसहरूलाई सुसमाचार प्रचार तथा मण्डली स्थापनाको काममा पाष्टर लोक गुरूङ्ग परिवार मिशनेरीको रूपमा त्यहाँ कार्यरत हुनुहुन्छ । यस वर्षको सुरुमा ती क्षेत्रका मण्डलीहरूका अगुवाहरूको निम्ति १ महिने विशेष् तालिम पनि सम्पन्न भयो । पूर्वोत्तर भारत, भूटान तथा नेपालबाट अध्ययन र रोजगारीको सिलसिलामा गएका नेपालीहरूको बीचमा सुसमाचार प्रचार, तालिम र संगति दिने कार्य जारी राख्दै पाष्टर तिमोथी थापा परिवार हाल बैंगलोरमा कार्यरत हुनुहुन्छ । केही समय अघिसम्म मलेशियामा समेत मिशनेरीको रूपमा कतिजना अगुवाहरू कार्यरत हुनुहुन्थ्यो । आधिकारिक रूपमा मिशनेरी बनी सेवकाइ गरिरहनुभएका बाहेक हाल विदेशमा अध्ययन तथा रोजगारीका लागि जानुभएकाहरू पनि मिशनको काममा सक्रिय हुनुहुन्छ र यसको मूल कारण नेइम मिशनेरी मण्डली भएकै कारणले हो ।

नेपालभित्र रहेका शाखा-आबद्ध मण्डलीहरूलाई अझ बलियो आधार इलाका बनाउन स्थानीय स्तरमा क्षेत्रीय सुपरभाइजरको रूपमा विभिन्न पाष्टर तथा अगुवाहरू कार्यरत हुनुहुन्छ अनि क्षेत्रीयस्तरमा मण्डलीहरूको नियमित भेटघाट, सरसल्लाह तथा सामूहिक प्रचार र मण्डली स्थापनाका कामहरू भइरहेका छन् । उत्तरमा डोल्पा, जुम्ला, सोलूखुम्बु, धादिङ्गदेखि दक्षिणमा सर्लाही, रौतहट, महोत्तरीसम्म, त्यसैगरी पूर्वमा झापादेखि पश्चिममा कन्चनपुरसम्म नेइमका शाखा-आबद्ध मण्डलीहरू जीवित र क्रियाशील रूपमा फैलँदैछन् । 'स्थानीय मण्डली रहेको क्षेत्रमा स्थानीय मानिसहरूको जीवनस्तर पनि सुधिनुपर्छ' भन्ने मान्यताअनुरूप मिसन विभागले नेइमको सामाजिक क्षेत्र हेर्ने निकाय मेरी गुरुआमा प्रतिष्ठान तथा अन्य संघसंस्थासँग मिलेर विभिन्न आयआर्जनका तालिमहरू समेत विभिन्न क्षेत्रमा उपलब्ध गराउँदै आएको छ । प्रशस्त मात्रामा गाँजाखेती हुने मकवानपुरको नामटार गा.वि.सं.मा गरिएको कृषि तालिमद्वारा हाल त्यहाँ गाँजाखेती बन्द हुनपुगेको छ साथै त्यहाँका स्थानीयहरूले अहिले कृषिबाट राम्रो आमदानी गर्न थालेका छन् । त्यस्तै काम अन्य जिल्लाहरूमा पनि भइरहेका छन् ।

हाल मिशनको क्षेत्रमा सुसमाचार प्रचारको काम स्वस्फूर्त रूपमा भइरहेको छ । मुख्य चुनौतिचाहिँ तालिम प्राप्त अगुवापन निर्माण हो । जति धेरै तालिम प्राप्त सुसज्जित अगुवाहरू निर्माण गर्न सकियो त्यतिनै मण्डली स्थापना र निर्माणको काम सबल हुँदै जान्छ । अझ पनि नेपालका कतिपय जिल्लाहरूमा मण्डलीको संख्या न्यून छ । कतिपय जाति समूहमा सुसमाचार प्रचार र मण्डली स्थापनाको काम खड्केको छ । विशेष गरी पूर्व र पश्चिमका उत्तरी हिमाली भेगका जिल्लाहरू र दक्षिणमा मध्य तराई चुनौतिपूर्ण क्षेत्रको रूपमा रहेका छन् । मध्य तराईका जिल्लाहरूमा परमेश्वरको राज्य विस्तार हुन सकेमा त्यहाँबाट भारतको विहार, उत्तर प्रदेश, उत्तराखण्ड, झारखण्ड, छत्तीसगढसम्म सुसमाचार पुर्‍याउन सकिने सम्भावना प्रचुर मात्रामा छ । धेरै जनसंख्या रहेको यी क्षेत्रमा पुग्ने सबभन्दा सजिलो ढोका नेपालको मध्य तराई नै हो । उत्तरतर्फ नेपालमात्र एउटा त्यस्तो देश हो जहाँका नागरिकलाई तिब्बतमा जानको लागि भिषा चाहिँदैन (तिब्बतसँग सिमाना जोडिएका नागरिकहरूको हकमा मात्र) । तिब्बत अझै पनि बन्द गरिएको ढोकाजस्तै छ । तर नेपालका उत्तरी हिमाली जिल्लाहरूमा मण्डलीको बलियो उपस्थिति भएमा सुसमाचार प्रचारको निम्ति तिब्बतको लागि यो नै सबैभन्दा सहज मार्ग हुनेछ । तर ती क्षेत्रमा मण्डलीको उपस्थिति कसरी पुर्‍याउने भन्ने चुनौति छँदैछ । यसका विकल्पहरूमा पहिलो हिमाली भेगमा तथा मध्य तराई भेगमा रहेका स्थानीय मण्डलीलाई आधार इलाका बनाएर त्यहीका विश्वासीहरूलाई तयार गरी मिशनरीको रूपमा परिचालन गर्ने, दोस्रोमा, नेइम मण्डलीहरू (शाखा-आबद्धसमेत) बाट मिशनेरीहरू तयार गरी पठाउने, तेस्रोमा काम तथा व्यवसाय गर्ने हेतुले ती ठाउँहरूमा विश्वासीहरू जाने र मिशनेरीको रूपमा काम गर्ने हुनसक्छ । तर यी विकल्पहरूमा पहिलो विकल्प अझ बढी सहज देखिन्छ । दोस्रो विकल्पको लागत अलि बढी देखिन्छ तर पहिलो विकल्पले काम नगरेमा यो अपनाउनु नै पर्ने हुन्छ । प्रभुले भन्नुभयो 'फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्' (मत्ती ९:३७) । अब यो बढ्दो कामको लागि खेतालाहरू (मिशनेरीहरू) को खाँचो छ ।

मिशन येशू खीष्ट प्रभुको हो । नेइमको मिशन पनि येशू खीष्टको नै हो । यो काममा हामी उहाँका सहकर्मीहरूमात्र हौं, कारिन्दाहरू मात्र हौं । प्रभुको मिशन अघि बढ्दैछ । परमेश्वरको राज्य फैलँदैछ । यसमा अझ धेरै हातहरूको खाँचो छ । अझ धेरै बुद्धि र विवेकको खाँचो छ । अझ धेरै प्रार्थनाको खाँचो छ । प्रश्नचाहिँ परमेश्वरले गरिरहनुभएको यो महान काममा हामी कसरी सहभागी हुनसक्छौं ? हो हामी विभिन्न तरिकाले सहभागी हुनसक्छौं । प्रार्थना गरौं प्रभुले देखाउनुभएबमोजिम हामी सरिक हौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **फागुन २८** March 11 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानियल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री डी.बी. राई |
| **चैत्र ५** March 18 | पाष्टर रोबर्ट कार्थक | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर जमान घ्लान | एल्डर दानियल सापकोटा | पाष्टर सामुएल कार्थक | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग |
| **चैत्र १२** March 25 | पाष्टर बासिल डेसुजा | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | एल्डर पिटर लिम्बू | एल्डर राजु श्रेष्ठ | श्री संजय राई |
| **चैत्र १९** April 1 | पाष्टर प्रेम श्रेष्ठ | डीकन पासाङ्ग तामाङ्ग | श्री राज गुरूङ्ग | श्री कृष्ण तामाङ्ग | श्री अमृत लामा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बी.एन. पण्डित | संयुक्त सेवा गोंगबूँ चर्च |

## जानकारी

माघ २९ गते फरवरी ११ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा ३ जनाको समर्पण भयो ।

फागुन ७ गते फरवरी १८ तारिख शनिबार नेइम ललितपुर मण्डलीमा १५ जनाको समर्पण भयो ।

गोंगबूँमा बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती माया शेर्पा ८४ वर्षको उमेरमा माघ २३ गते/फरवरी ५ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



सतुंगलमा बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्री बाबुकाजी बज्राचार्य ७० वर्षको उमेरमा फागुन ८ गते/फरवरी १९ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

## मार्च महिनाको कार्यक्रम

फागुन २५ गते/मार्च ८ तारिख बुधबार बिहान १०:०० बजे **नेइम संयुक्त महिला संगति** ज्ञानेश्वर चर्चमा ।

फागुन २९ गते/मार्च १२ तारिख आइतबार बिहान ७:०० बजे **नेइम युवा रीट्रिट** आ-आफ्नै चर्चमा ।

चैत्र १ गते/मार्च १४ तारिख मंगलबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै चर्चमा ।

चैत्र ९-११ गते/मार्च २२-२४ तारिख, चैत्र १४-१६/मार्च २७-२९ तारिख **स्कूल अफ् मिनिष्ट्री** नेइम जोरपाटी चर्चमा ।

## प्रार्थनाका विषयहरु

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलाप मागिदिऔं।

२. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा बोझसाथ लागिपर्न सकून् ।

## हार्दिक बधाई



माघ २३ गते/फरवरी ५ तारिख आइतबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री **दिनेश गुरूङ्ग** र सुश्री **युनिशा लिम्बू**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **दिनेश** र **युनिशा गुरूङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २६ गते/फरवरी ८ तारिख बुधबार नेइम धापासी चर्चको सदस्य श्री **हेम राज आले** र न्यू मिशन चर्च, संखुवासभाकी सदस्य सुश्री **रीता राई**को न्यू मिशन चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **हेम राज** र **रीता आले**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २६ गते/फरवरी ८ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **प्रेम तामाङ्ग** र सुश्री **होशन्ना सिंह**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रेम** र **होशन्ना तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १५ गते/फरवरी २६ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **टंक प्रसाद दाहाल** र एलिम चर्च, विराटनगरकी सदस्य सुश्री **सीता भट्ट**को एलिम चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **टंक प्रसाद** र **सीता दाहाल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २२ 5<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>२ तिमोथी ३:१४-१६ | २९ 12<br>नेपाल देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाइ मागिदिऔं<br>यूहन्ना १६:७, १३-१५ | ६ 19<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई पवित्र आत्माको अगुवाइमा विश्वास-योग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १३ 26<br>मण्डलीलाई अगुवाइ गरिराख्नु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ |
| **सोमबार**<br>Monday | २३ 6<br>मण्डलीको विश्वासीहरू प्रार्थना गर्ने क्षेत्रमा मन तातोपन नभएको होस् ।<br>प्रकाश ३:१४-१९ | ३० 13<br>परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १:९-१४ | ७ 20<br>मण्डलीको जीवनमा प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारमा सिथिलता नआएको होस् ।<br>कलस्सी ३:१६-१७ | १४ 27<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ |
| **मंगलबार**<br>Tuesday | २४ 7<br>मण्डलीमा पवित्र आत्माबाटको आश्चर्यकर्म, चिन्ह, चंगाइ ठूला ठूला कामहरूको लागि प्रार्थना गरौं जसको कारण धेरै मानिसहरू सुसमाचार सुनेर साथै यी कामहरूद्वारा पनि परमेश्वरको राज्यमा आउन सकून् ।<br>प्रेरित ५:१२-१६, | १ चैत्र 14<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | ८ 21<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, १ थेस.५:१९ | १५ 28<br>देशका सबै जातिहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ |
| **बुधबार**<br>Wednesday | २५ 8<br>घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | २ 15<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ | ९ 22<br>सुसमाचार प्रचारको साथै पवित्र आत्माबाट पाएका वरदानहरू आँटिलो सहासिलो भई चलाउन सकौं ।<br>मर्कूस १६:१५-२० | १५ 29<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ |
| **बिहीबार**<br>Thursday | २६ 9<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरू साथै छोराछोरीहरूको पढाइ, पालन पोषणको साथै आत्मिक कुराहरूमा पनि ध्यान पुऱ्याउनेहरू हुन सकौं ।<br>व्यवस्था ११:१८-१९, एफिसी ६:४ | ३ 16<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ८५:१२, याकूब १:१७ | १० 23<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>१ कोरिन्थी १५:१० | १६ 30<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरू होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-३ |
| **शुक्रबार**<br>Friday | २७ 10<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>२ तिमोथी ३:१६-१७ | ४ 17<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>यूहन्ना ३:२४ | ११ 24<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>रोमी १२:११-१२ | १७ 31<br>परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>यशैया ६३:७-९ |
| **शनिबार**<br>Saturday | २८ 11<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा मण्डलीले यथाशक्यभाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८; २७:४ | ५ 18<br>आराधना सेवामा आउनुहुनेहरू सधैं तयारीको साथ आई आत्मा र सत्यतमा उहाँको आराधना गर्न सकौं ।<br>यूहन्ना ४:२३-२४ | १२ 25<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ | १८ April 1<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित १:८, २:४२-४७ |

**तर यसो लेखिएको छ, आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ ।**

**(१ कोरिन्थी २:९)**